फयाक्स :०८८-५२००७५

# सल्यान जिल्ला अदालत

सल्यान

पत्र संख्या :२०७२/०७३

चलानी नं :

मिति : २०७३/०८/०७

## विषय : सुचना । सुचना ॥ सुचना ॥॥

नेपाली भाषा राम्रोसंग बुझ्न र बोल्न नसक्ने मुद्दाको पक्ष वा अदालतको आदेशले झिकाइएका अन्य कुनै व्यक्ति र अदालतले कानुनी सहायता उपलब्ध गराइएका वा कोर्ट फि तिर्न नसक्ने भनि अदालतले सहुलियत दिएका पक्षको साक्षी समेतका लागि यस अदालतमा देहाय बमोजिमको भाषा मौखिक रुपमा बोल्ने राम्रोसंग लेख्न बोल्न जान्ने तथा सरकारी कामकाजको भाषा राम्रोसंग बोल्न लेख्न जान्ने व्यक्तिलाइ दोभाषेको रुपमा सुचिकृत गर्नुपर्ने भएको हुँदा अदालतको कामकारबाहीमा दोभाषे सेवाको प्रयोग सम्बन्धी निर्देशिका, २०७२ को अधिनमा रही सो मा व्यवस्था भए बमोजिमको पारिश्रमिक समेत पाउने गरी दोभाषेहरुको सूची तयार गर्नुपर्ने भएको हुँदा योग्यता पुगेका इच्छुक व्यक्तिहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस अदालतमा निवेदन दिनको लागि यस अदालतबाट मिति २०७३।०१।०८ गते भएको निर्णय अनुसार सुचना प्रकाशित गरिएकोमा उक्त समयावधिभित्र दोभाषे सेवा दिने व्यक्तिहरुको निवेदन नपरेकाले पुनः यस अदालतबाट मिति २०७३।०८।०७ गते भएको निर्णय अनुसार योग्यता पुगेका इच्छुक तपिसल बमोजिमको भाषामा विज्ञ व्यक्तिहरुबाट दोभाषेहरुको सुचीमा आफ्नो नाम समावेश गर्न यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस अदालतमा निवेदन दिनको लागि सुचना प्रकाशित गरिएको छ । उक्त दिनभित्र ईच्छुक योग्य व्यक्तिहरुले आफुले दोभाषे सेवा दिने भाषा समेत खुलाई यस सल्यान जिल्ला अदालतमा निवेदन दिनुहोला ।

<u>देहाय</u>

१ हिन्दी भाषा, २ चिनियाँ भाषा, ३ अंग्रेजी भाषा, ४.उर्दु भाषा,
५. मगर खाम भाषा, ६.थारु भाषा, ७.मैथली भाषा, ८.नेवारी भाषा
।

सल्यान जिल्ला अदालत
तहसिल शाखा
सल्यान

मिति २०७३/०८/०७

# सुचना । सुचना ।। सुचना ।।।

## दण्ड, जरिवाना वा सरकारी विगो तिर्ने, बुझाउने सम्बन्धी जरुरी सुचना ।।।

उपर्यूक्त सम्बन्धमा अदालतको फैसला बमोजिम यस अदालतमा विभिन्न व्यक्तिहरुका नाउमा रहेको लगत बमोजिमको दण्ड, जरिवाना र सरकारी विगो आदी बाँकी बक्यौता रकम बाँकी रहेका व्यक्तिहरुले आफुलाई लागेको दण्ड, जरिवाना र सरकारी विगो सुचना जारी भएको मितिले देहायको समयावधी भित्र बुझाउन ल्याएमा तपसिल बमोजिम छुट दिईने व्यहोरा सबैको जानकारीको लागि जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७ बमोजिम यो सुचना प्रकाशित गरिएको छ । सो अनुसार तिर्न बुझाउन बाँकी रहेका व्यक्तिहरु यस अदालतमा उपस्थित भई आफुलाई लागेको दण्ड जरिवाना वा सरकारी विगो तिर्नु बुझाउनु भई लगत कट्टा गर्नुहुन अनुरोध छ । अन्य थप जानकारी चाहिएमा यस अदालतमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

### तपसिल

| क्र.सं. | समयावधी | छुट | कैफियत |
|---|---|---|---|
| १ | सुचना प्रकाशित भएको मितिले **१ महिनाभित्र** बुझाउन ल्याएमा | दण्ड, जरिवाना र सरकारी विगो आदी बाँकी बक्यौता रकमको **१५ प्रतिशत** छुट | |
| २ | सुचना प्रकाशित भएको मितिले **२ महिनाभित्र** बुझाउन ल्याएमा | दण्ड, जरिवाना र सरकारी विगो आदी बाँकी बक्यौता रकमको **१३ प्रतिशत** छुट | |
| ३ | सुचना प्रकाशित भएको मितिले ३ **महिनाभित्र** बुझाउन ल्याएमा | दण्ड, जरिवाना र सरकारी विगो आदी बाँकी बक्यौता रकमको **११ प्रतिशत** छुट | |
| ४ | सुचना प्रकाशित भएको मितिले **४महिनाभित्र** बुझाउन ल्याएमा | दण्ड, जरिवाना र सरकारी विगो आदी बाँकी बक्यौता रकमको **९ प्रतिशत** छुट | |
| ५ | सुचना प्रकाशित भएको मितिले **५महिनाभित्र** बुझाउन ल्याएमा | दण्ड, जरिवाना र सरकारी विगो आदी बाँकी बक्यौता रकमको **७ प्रतिशत** छुट | |
| ६ | सुचना प्रकाशित भएको मितिले **६ महिनाभित्र** बुझाउन ल्याएमा | दण्ड, जरिवाना र सरकारी विगो आदी बाँकी बक्यौता रकमको **५ प्रतिशत** छुट | |

सल्यान जिल्ला अदालत

खलंगा सल्यान ।

फोन नं. ०८८-५२००७५